# सम्झौता पत्र पेश गर्ने बारे सूचना

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, वातावरण विभागको आ. ब. २०७६/७६ का लागी स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत "विधालय केन्द्रित वातावरण संरक्षण कार्यक्रम" कार्यान्वयन गर्न इच्छुक भएका सातै प्रदेशका सामुदायिक, सस्थागत वा अन्य विद्यालयहरुवाट प्रतिवद्धता सहितको निवेदन र कार्यक्रमहरुको कार्यान्वयन योजना प्रस्ताव राष्ट्रिय दैनिक गोरखापत्र तथा विभागको वेब साइटमा समेत मिति २०७६/०६/२८ मा १५ दिने सूचना प्रकाशित भए बमोजिम प्राप्त प्रस्ताबहरु स्वीकृत "विधालय केन्द्रित वातावरण संरक्षण कार्यक्रम कार्यविधि २०७६" मा भएका विद्यालय छनोटका आधारहरुमा रही विधालय केन्द्रित वातावरण संरक्षण कार्यक्रम कार्यन्वयन समितिले मूल्यांकन पश्चात छनोट भै पत्राचार तथा विभागको वेब साइटमा सूचना प्रकाशित गर्दा पनि केही विधालयहरुको सम्झौता पत्र हाल सम्म पनि विभागमा प्राप्त हुन नसकेकाले ढिलोमा २०७६ पौष १५ गते भित्र यस साथ संगलग्न सम्झौता पत्र फाराम पूर्ण रुपमा भरी विभागमा पेश वा बिभागको ईमेल ठेगाना info@doenv.gov.np वा env_bhupi@yahoo.com बाट पनि पठाउन सकिनेछ । तोकिएको समय पश्चात प्राप्त सम्झौता पत्र फाराम भएका विधालयहरुको बिल भर्पाइहरुको भुक्तानी हुने छैन्।

(नोटः विधालय छनोट भएपछि सम्झौता गर्दा सबै कागजात इमेल info@doenv.gov.np वा env_bhupi@yahoo.com बाट पनि पठाउन सकिने र कार्य सम्पन्न भए पश्चात सबै कागजात सक्कल पेश गर्नु पर्ने छ )

**सम्झौता पत्र साथ संलग्न गर्नु पर्ने कागजातहरुः**

१. विधालय व्यवस्थापन समिति वा सामुदाहिक सिकाई केन्द्र व्यवस्थापन समितिको सम्झौता गर्ने निणय
२. स्थानीय तहको कार्यक्रम कार्यन्वयन सम्बन्धी प्रतिबद्ता तथा सिफारिस (सक्कल)
३. कार्यक्रम कार्यन्वयनको लागत ईस्टिमेट
४. २०७७ बैशाख मसान्त सम्म कार्यक्रम कार्यान्वयन सम्पन्न गर्ने कार्ययोजना
५. सम्झौता पत्र दुई प्रति (वातावरण विभागको website www.doenv.gov.np मा उपलब्ध छ)

## अनुसूची -२

## नेपाल सरकार
## वन तथा वातावरण मन्त्रालय
## वातावरण विभाग
## (सम्झौता पत्र)

वातावरण विभाग (यस पछि पहिलो पक्ष भनिएको) र...............विधालय (यस पछि दोस्रो पक्ष भनिएको) बिच नेपाल स्वच्छ वातावरण माहाअभियान लाई सघाउने उदेश्यले चालु आ.व. २०७६/७७को "विद्यालय केन्द्रित वातावरण संरक्षण कार्यक्रम" कार्यान्वयन गर्न "विद्यालय केन्द्रित वातावरण कार्यक्रम कार्यविधि २०७६" बमोजिम यो सम्झौता गरिएको छ।दोस्रो पक्षले आफ्नो स्वामित्व........प्रदेश,........जिल्ला, ......नगरपालिका/उपमहानगरपालिका/ महानगरपालिका वडा नं. ......, मा रहेको ..................स्थित करिब ....... रोपनी/विगाहा/कठ्ठा विधालय क्षेत्रमा वातावरणय कार्यक्रम संचालन गर्दा पहिलो पक्ष र दोस्रो पक्ष बीच निम्न शर्तहरुको पालना दुबै पक्षले गर्ने मन्जुरीका साथ एक आपसमा यो सम्झौता गरी एक एक प्रति बुझिलियौं।

शर्तहरु :

१. दोस्रो पक्षले आफ्नो स्वामित्वमा वा भोग अधिकार मा रहेको क्षेत्रमा कार्यक्रम संचालन गर्नु पर्नेछ।

२. दोस्रो पक्षले प्रस्ताब आवहान गर्दा, सूचना आवहान गर्दा तोकिएका ६ क्षेत्र संग सम्बन्धित वातावरणीय कार्यक्रमहरुको लागत अनुमान तयार गर्नुपर्नेछ ।

३. स्वीकृत लागत अनुमान अनुसार प्रचलित कानुनले तोके बमोजिम खरिद प्रकृयाहरु पुरा गरी कार्य सम्पन्न गर्ने सम्पुर्ण दायित्व दोस्रो पक्षको हुनेछ।

४. पहिलो पक्षले भुक्तानी रकम लागत अनुमान र सम्पुर्ण कार्य सम्पन्न भएपछी प्रगतिको अनुगमन तथा उपलब्ध सक्कल कागजात समेतको आधारमा बढीमा रु.५०,०००(अक्षेरुपी रु पचास हजार मात्र, कर सहित) बैंक खाता मार्फत दोस्रो पक्षलाई भुक्तानी गर्न सक्नेछ ।

५. देर्सो पक्षले भुक्तानी दाबी गर्दा ढिलोमा २०७७ जेष्ठ मसान्त सम्म पहिलो पक्ष समक्ष कार्य सम्पन्न प्रमाणीत प्रतिवेदन; विधालय व्यवस्थापन समिति वा सामुदाहिक सिकाई केन्द्र व्यवस्थापन समितिको कार्यन्वयन सम्पन्न भएको सिफारिस; सम्बन्धित स्थानीय तहको कार्यक्रम कार्यन्वयन सम्पन्न भएको सिफारिस साथै कार्यक्रम कार्यन्वयन सम्पन्न भएको कार्यक्रमहरुको सक्कल विल भरपाई, प्रमाणीत डोर हाजिर एवं सम्पादित कार्यक्रम दर्शाउने रंगिन तस्बिरहरु समेत संगलग्न गर्नु पर्ने छ ।विधालयको वैंक खाता न. र विवरण (बैंकको

नाम, विधालयको नाम, खाता न., खाताको प्रकार स्पष्ट देखिने गरी खाली चेक पानाको छाया पर्ति सहित) पनि संग्लग्न गर्नु पर्नेछ।

६. दोस्रो पक्षले वातावरणीय कार्यक्रमहरुका लागि उपलब्ध गराएको रकम अन्य कार्यमा उपयोग गर्न पाउने छैन।

७. वातावरणीय कार्यक्रमहरु कार्य अवधिभर र पछि समेत सो स्थानको संरक्षण र संवर्धन गर्ने दायित्व दोस्रो पक्षको हुनेछ।

८. पहिलो पक्षले स्थान चयन देखी कार्यान्वयन चरण र वातावरणीय कार्यक्रमहरु पश्चात पनि यसको निरन्तर अनुगमन तथा निरिक्षण गर्न सक्नेछ र दोस्रो पक्षलाई आवश्यक राय, सल्लाह, सुझाव दिन सक्नेछ। यस्तो राय,सल्लाह, सुझावको कार्यान्वयन गर्नु दोस्रो पक्षको कर्तव्य हुनेछ साथै अनुगमन तथा निरिक्षणमा दोस्रो पक्षले पहिलो पक्ष लाई आवश्यक परेमा प्राविधिक सहयोग उपलब्ध गराउनुपर्नेछ ।

९. वातावरणीय कार्यक्रमहरु गरिएको स्थानमा पहिलो तथा दोस्रो पक्षले वातावरणीय जनचेतना जगाउने खालका सन्देश मुलक सामाग्रीको रुपमा होडिङ्गबोड वा अन्य प्रचार सामाग्री राखुपर्ने छ र यसको नमुना प्रथम पक्षले तोकिदिनेछ ।

१०. यस सम्झौतामा उल्लेख भएका विषयहरु यसै बमोजिम हुने र अन्य विषयहरु प्रचलित नेपाल कानुन बमोजिम हुनेछ।

माथिका शर्तहरुको पालना गर्न दुबै पक्ष मञ्जुर भई यो सम्झौता गरेकाछौं।

| | |
|---|---|
| पहिलो पक्षको तर्फ बाट | दोस्रो पक्षको तर्फबाट |
| वातावरण विभाग | (विधालय) |
| नाम थरः | नामथरः |
| पदः | पदः |
| मितिः२०७६/ | मितिः२०७६/ |
| दस्तखतः | दस्तखतः |
| कार्यालयको छापः | विधालयको छापः |
| साक्षीहरुः | साक्षीहरुः |
| १.: ................................ | १.: ............................... |
| २.: ................................ | २.: ................................ |